# खरमेलाको चलन सामुदायिक वन व्यवस्थापनमा बाधक

■ नयन बहादुर बुढा

खरमेला पाल्ने चलन सुदुरपश्चिमका विकट पहाडी जिल्लाहरू बाजुरा, बझाङ र अछाममा रहेको छ । प्राकृतिक रुपमा रहेको सरकारी वन क्षेत्र भित्र कुनै भूइघाँस (खर) हुने ठाँउमा व्यक्तिगत रुपमा बिना कानुनी प्रावधान निजी खरबारीको रुपमा प्रयोग गर्ने चलन नै खरमेला हो ।

खरमेला पाल्ने वा रोक्ने चलन कहिले देखि चलेको हो भन्ने विषयमा कुनै ठोस प्रमाण भेटिएको छैन । यस चलनको कुनै कानुनी मान्यता पनि छैन । वि.सं. १९५२ को जग्गानापी भन्दा पहिले खरमेलाको चलन नै नरहेको कुरा गाउँघरका बुढापाकाहरू बताउँछन् । त्यसपछि भने क्रमशः यो चलनले मान्यता पाउँदै आएको छ । वि.सं. १९८५ सालको जग्गा नापजाँच यता मुखियाहरूले चारकिल्ला खोली आफ्नो पुर्ख्यौली अन्तर्गतका रैतीहरूलाई खरमेला पाल्न लिखित अनुमतिपत्र वा मौखिक अनुमती दिने गरिन्थ्यो । यसका साथै वि.सं. १९९५ यताका विभिन्न भूमिकरहरूमा पाखाको कोदाले र कुटे तिरो तिरेर पनि वन क्षेत्र भोग चलन गरेको कुरा बुढापाकाहरूबाट बुझ्न सकिन्छ । उहाँहरूका अनुसार खरमेलाको लागि वनक्षेत्र दिँदा गाईवस्तु जान नसक्ने क्षेत्रलाई सुरु सुरुमा लिने गरिन्थ्यो तापनि मान्छेको चाप एवं मोह बढ्दै गएकाले गाईवस्तु चराउने ठाँउहरू पनि साँघुरिँदै आउँदा गाउँलेहरूलाई असजिलो हुँदै आयो । यस प्रकारको असजिलोलाई पछि सन्धिसर्पन/गौचरन कानुन अन्तर्गत खरमेलो रोक्न वा पाल्न नपाउने व्यवस्था गरेर निरुत्साहित तथा कमजोर पार्न खोजिएको भएपनि खरमेलाको चलनमा अन्त्य हुन सकेन । यसमा समाजका टाठाबाठा र धनीमानीहरूको बाहुल्यता भने रही रह्यो । समय बित्दै जाँदा पछाडिका दिनहरूमा पनि (पञ्चायती व्यवस्थामा समेत) ठूलोठालु (मुख्य रुपले प्रधानपञ्च) ले स्थानीय व्यक्तिहरूलाई निश्चित वनक्षेत्र खरवारीकोरुपमा अनुमति दिएर पाल्ने र भोगचलन गर्ने काम भयो जसले गर्दा खरमेलाको चलनले मान्यता पाइरह्यो ।

हाल खरमेला पालेवापत कुनै कर तिर्नु परिरहेको छैन । वन उपभोक्ता समूहहरूले फाटफुट रुपमा खरमेला दर्ता प्रक्रिया गरी अति न्यून मूल्य लिएको पाइएको छ तर यो कार्यले त्यति निरन्तरता र व्यापकता पाउन सकिरहेको छैन । परम्परागत रुपमा रहेको यस चलनमा समाजका बोलवाला भएकाहरूको प्रभुत्व कायमै छ । उदाहरणको लागि कसै कसैले खरमेला किन्ने बेच्ने गरेका छन् भने कसैले खरमेला भित्र प्राकृतिक रुपमा रहेका डालेघाँससम्म पनि कसैलाई काट्न दिँदैनन् । यसमा उनीहरूको कुनै लगानी परेको देखिँदैन । टाठाबाठाले मेरो नापी छ, नक्शा छ भन्दै धेरै वनक्षेत्र कब्जा गरिरहेका छन् । केही व्यक्ति तथा उनका पुर्खाहरूले पुर्ख्यौलीदेखि आफूलाई चाहिने जति वा कसैले त आवश्यकता भन्दा पनि बढी वन क्षेत्र ओगटी सकेकाले समाजमा शक्तिका दृष्टिले कमजोर तथा गरिब वर्गको यसमा पहुँच पुग्न सकेको छैन । झन दलित विपन्न वर्गको त अवस्था साह्रै दयनीय नै छ । खरमेला नहुने गरिब वर्गले खरमेला पाल्न खोज्दा जवरजस्ती छोडाउन लगाएका पनि धेरै उदाहरणहरू पाईन्छन् । अझ टाठावाठाहरूले त जग्गानापी हुने बेलामा नै चाहेजति बनक्षेत्र आफ्नो नाममा दर्ता गरिसकेका छन् ।

हाल खरबारी नहुने व्यक्तिले कतै बनाउन खोज्दा गाईवस्तु जान नसक्ने तथा छेकिएको ठाँउ अरुहरूले नै ओगटी सकेकाले उनीहरूले गाईवस्तु जाने ठाउँमात्र रोज्नुपर्ने हुन्छ । यस क्षेत्रमा छाडा पशुको चलन यद्यपि कायमै रहदाँ केही प्रयास गऱ्यो कि उपभोक्ताबाट व्यापक बिरोध भईहाल्छ जसले गर्दा खरमेलामा पछाडि पारिएकाहरूको समस्या समाधान हुन सक्दैन । उनीहरूले आफ्नो घरकोछाना छाउन तथा गाईवस्तुलाई खुवाउन कि त कसैसँग खर माग्नुपऱ्यो कि त कसैको चोर्नुपर्ने बाध्यताको सिर्जना भएको छ । यस किसिमको कार्यबाट गाली बेइजती तथा हेपाइ पाइन्छ । वनमा जाउँ भने

रोक्ने ठाउँ छैन, बारी छेउछाउ डालेघाँस तथा खरघाँस रोपौ गरिबसँग न त जग्गा जमिन प्रर्याप्त छ, न त उनीहरूको पक्षमा बोली दिने कोही छ । त्यसैले खरमेलाको प्रचलनबाट गरिब विपन्नले भोग्नु पर्ने समस्या यथावत छ । खरमेला नहुनेहरूको बारेमा वन उपभोक्ता समूहको बैठकमा कुरो उठाउन खोज्दा समूहको नेतृत्वमा पनि खरमेला हुनेहरूकै बाहुल्यताले गर्दा खरमेला नहुनेको आवाजको कुनै सुनुवाई नै हुँदैन । यसरी उठाइएको कुरा कहिलेकाहीं टालटुलसम्म गरिन्छ भने कहिले काहीं हाँसोमा उडाइन्छ । जसले गर्दा समूहमा उनीहरूको पहुँच नगण्य रुपमा रहेको प्रष्टिन्छ । यतिमात्र कहाँ हो र खरमेलाको विषयमा कुरा उठाउने व्यक्तिलाई समेत निकै ठूलो शत्रुताको दृष्टिले हेर्ने गरेका उदाहरण पनि छन् ।

**खरमेलाको चलनबाट सामुदायिक वनमा परेका असरहरू**

ज्ञ। सामुदायिक वन (सा.व.) मा अतिक्रमण बढनु,

द्द। सा.व. प्रति उपभोक्ताको विश्वास घट्दै जानु,

घ। सामुदायिक भावनामा प्रत्यक्ष आघात पर्नु,

द्ध। सा.व. व्यवस्थापन गर्न कठिनाई हुनु,

छ। खरमेलाको लागि वन क्षेत्र ओगटेका व्यक्तिहरूले समूहलाई नटेर्नु,

ट। सबै उपभोक्तालाई निर्णय प्रक्रियामा सहभागिता गराउन गाह्रो हुनु,

ठ। खरमेलामा भएका रुखहरूको छत्र ढकाइले खर कमी हुने हुदाँ सो हुन नदिन उनीहरूको त्यसभित्र भएका पुनउर्त्पादित प्रजाति काटीदिनु वा आउन नदिनु, र

ड। खर राम्रो पलाएर आओस् भन्ने कुत्सित मनसायाले खरमेला र सामुदायक वन भित्र समेत आगो लगाइ दिनाले लाखौ बोटविरुवाहरू डढेर सकिनु, आदि ।

उपरोक्त खरमेलाको सवालमाथि यहाँका उपभोक्ताहरूलाई वन हस्तान्तरण गर्ने अवस्थासम्म पनि कसैले ध्यान दिएन जसले गर्दा कार्ययोजनामा सो विषय समावेश भएन । हाम्रो देशमा सा.व.को अवधारणाले आफ्नो स्वरुप पाई सकेपछि पनि खरमेलाको यो चलनले जस्ताको तस्तै मान्यता पाइरहेको छ । समाजमा पछाडि पारिएकाहरूले न्याय र समानताको सास फेर्न पाउनु पर्ने वर्तमान युगमा सामुदायिक सम्पत्तिको रुपमा रहनुपर्ने प्राकृतिक सम्पत्ति (वन) कुनै व्यक्ति विशेषले बढी चाहेजति कब्जा गर्न, किनबेच तथा मनोमानी रजाइँ गर्न पाउने तर प्राकृतिक सम्मत्तिमाथि अत्यधिक मात्रामा भरपर्नुपर्ने अवस्थाका निमुखा/विपन्न/दलित वर्गले सो सम्पत्तिमाथि आफ्नो हक र अधिकार स्थापित गर्न नपाउनु हाम्रो समाजको दुःख लाग्दो अवस्था हो । यस चलनले के साँच्चिकै सा.व. को अवधारणामा बल पुग्यो त ? के समुदायका सबै वर्गका उपभोक्ताले वन स्रोतमाथि न्यायिक हिसाबले समानता पाए त ? आदि भन्ने प्रश्नहरू उब्जिएका छन् ।

वन क्षेत्रको यो सवाल वन उपभोक्ता समूहका लागि ज्वलन्त समस्याको रुपमा रहकोले समुदायलाई न्यायिक अवसरको हकदार बनाउन यो प्रचलन फेर्नु पर्ने देखिन्छ । मौजुदा अवस्थामा कि त सा.व. क्षेत्र सम्पूर्णरुपमा सामुदायीकरण हुनुपर्ने देखिन्छ कि त समुदायका विपन्न वर्गले चौमुखे रुपमा गाईवस्तु जान आउन सक्ने जग्गालाई खरवारीको साथै आवश्यकतानुसार आयमूलक कार्यको लागि उपयोग गर्न पाउनु पर्ने हुन्छ, या त छाडापशु पूर्णरुपमा बन्देज गर्ने स्थिति बसाल्नु पर्ने हुन्छ । यस निम्ति सम्बन्धित वन उपभोक्ता समूहले अबिलम्व पहल र निर्णय लिनु जरुरी छ । यसमा समयमै विचार पुऱ्याउन सकिएन भने प्राकृतिक सम्पत्ति माथिको हकदारीमा पछाडि पारिएका वर्गको चर्को दबाब उपभोक्ता समितिले सामना गर्नुपर्ने देखिन्छ । यस्ता खालका सवालहरू समयमा नै सुल्झाउन विशेषगरी वन मन्त्रालय, वन विभाग, जि.व.का. तथा वन सम्बन्धी काम गर्ने अन्य सङ्घ संस्थाले आ-आफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

(लेखक सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखा अछामका सचिव हुनुहुन्छ ।)